जनकपुरधाम उप-महानगरपालिका
जनकपुरधाम उँप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या:- २०८२/२०८३ website:janakpurmun.gov.np

मितिः२०८३-०१-२१

## बर्ड फ्लु रोग नियन्त्रण सम्बन्धि प्रेस विज्ञप्ति

हाल चितवन, झापा, मोरंग, सुनसरी, नवलपरासी पश्चिम, बारा र काठमाडौं जिल्लामा **बर्ड फ्लु** (**Highly pathogenic Avian Influenza H5 N1**) रोग देखा परिसकेको छ र सो रोग जनकपुरधाममा समेत देखा पर्न सक्ने सम्भावना रहेकोले, **बर्ड फ्लु** रोगको रोकथामका लागि निम्नानुसारका विषयमा ध्यान दिई निरन्तर सहयोग गर्नु हुन आम जन-समुदाय लगायतका सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अपिल गर्दछौ।

तपसिलः

१. पन्छी फार्ममा अनावश्यक व्यक्ति र सवारी साधनलाई प्रवेश नगराउनु हुन।
२. फार्म परिसर भित्र प्रवेश गराउनै पर्ने भएमा निःसंक्रमण गरेर मात्र फार्ममा प्रवेश गराउनु हुन।
३. एक फार्ममा काम गर्ने व्यक्ति अर्को फर्ममा नजानु हुन।
४. प्रयोग भईकेको अन्डा राख्ने कार्टुन र क्रेट पुनः प्रयोग नगर्नु हुन।
५. फार्म/खोर प्रवेश गर्ने ढोकामा अनुवार्य रुपमा चुना लगायतका निःसंक्रमण औषधि राखिएको फुटबाथ प्रयोग गर्नु हुन र प्रत्येक पटक प्रवेश गर्दा फुटबाथमा टेकेर वा स्प्रे गरेर मात्र फार्ममा प्रवेश गर्नु हुन।
६. खोर भित्र प्रवेश गर्दा छुटै बुट र एप्रोनको प्रयोग गर्नु हुन।
७. खोर भित्र र बाहिर दैनिक रुपमा निःसंक्रमण गर्नु हुन।
८. फार्म परिसर भित्र मुसो, कुकुर, बिरालो, लगायतका अन्य पशुपंछी प्रवेश गर्न नसक्ने व्यवस्था गर्नु हुन।
९. मरेका पन्छीलाई सुरक्षित राख्ने, छुने वा चिरफार जस्ता काम नगर्ने र छिटै उप-महानगरपालिका, भेटेरिनरी अस्पताल तथा पशुसेवा बिज्ञ केन्द्र धनुषा वा पशुपंछी रोग अन्वेषण प्रयोगशाला जनकपुरधामलाई जानकारी गर्नु हुन।
१०. कुनै पनि पन्छी फर्म, अन्य पन्छीपालन वा बिक्रीस्थलमा अस्वाभाविक रुपमा पन्छी बिरामी परेमा वा मरेमा तत्काल नजिकको पशु सेवाका निकायमा सूचना गर्नु हुन।
११. पन्छी तथा पन्छीजन्य उतापदनको ओसार पसार गर्दा अनिवार्य रुपमा भेटेरिनरी प्रमाण पत्र लिएर मात्र गर्नु/गराउनु हुन।

**पुनश्चः अकस्मात धेरै संख्यामा पन्छी बिरामी परेमा वा मरेमा तुरन्त नजिकैको पशु सेवाका निकायमा जानकारी गराऔं।**

डा. अमर कुमार साह
(पशु चिकित्सक)
कृषि तथा पशुपंछी विकास शाखा